# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

**२०७८/०३/१६**

**आठौं अधिवेशन**

**(बिसौं वैठक)**

## बाचन पत्र (रिडिङ्ग पेपर)

**माननीय सदस्यहरु,** **पिठासिन माननीय सभामुख अर्जुन बहादुर थापा**

यस सभाको आठौं अधिवेशनको बिसौं बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु,

अब म, अर्थ विकास तथा प्राकृतिक स्रोत समितिका सभापति माननीय हर्क बहादुर कुँवरलाई सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथि समितिमा दफावार छलफल भई तयार भएको प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय सभामुखज्यू, मिति २०७८।०३।१३
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल ।

विषय :- **सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७ ,**
सम्बन्धी प्रतिबेदन ।

माननीय सभामुख महोदय,

सुदूरपश्चिम प्रदेश सभाको मिति २०७७।१२।२५ गते बसेको सातौं अधिवेशनको १५औं बैठकको निर्णय अनुसार "**सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७७ ,**" लाई यस अर्थ विकास तथा प्राकृतिक स्रोत समितिमा पठाईएकोमा समितिको मिति २०७८।०२।३० देखी २०७८।०३।१० गतेको ४१४५ र ४४ ,४३ ,४२ ,औं बैठक बसि विस्तृतरुपमा दफावार छलफल गरि समितिको निर्णय सहितको प्रतिबेदन पेश गरिएको छ ।

दफावार छलफलका बैठकमा देहाय बमोजिमका माननीय मन्त्रीज्यू, माननीय सदस्यज्यूहरुको उपस्थिति रहेको थियो ।

**देहाय**

१ माननीय देवराज पाठक .-सदस्य

२माननीय अक .्कल बहादुर रावल -सदस्य

४ माननीय .भरत बहादुर खड्का -सदस्य

५ माननीय कृष्ण बहादुर चौधरी .-सदस्य

६ माननीय प्रेम प्रकाश भट्ट .-सदस्य
७ माननीय अम्बी कुमारी थापा .-सदस्य
८म .ाननीय महेशदत्त जोशी -सदस्य
९ माननीय रतन बहादुर थापा .-सदस्य

**आमन्त्रित**

माननीय उद्योग पर्यटन बन तथा बातावरण मन्त्री मान बहादुर धामी
उद्योग, पर्यटन बन तथा बाताबरण मन्त्रालयका सचिव श्री यज्ञनाथ दाहाल

दफावार छलफल समाप्त भए पश्चात प्रस्तुत विधेयकमा देहाय बमोजिम संशोधन हुनको लागि निर्णयार्थ सभामा प्रस्तुत हुनुपर्ने यस समितिको सर्वसम्मत निष्कर्ष रहेको व्यहोरा माननीय सभामुखज्यू समक्ष अनुरोध गर्दछु ।

**संशोधन तथा थप हुनुपर्ने विषयहरु**

| क्र.स. | दफा | विधेयकमा रहेको साविक व्यवस्था | संशोधन वा थप हुनुपर्ने व्यवस्था | कारण |
|---|---|---|---|---|
| १ | प्रस्तावना | **प्रस्तावना**: सुदूरपश्चिम प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको संरक्षण, व्यवस्थापन, विकास एवं प्रवर्द्धन गरी पर्यटन क्षेत्र मार्फत जनताको आर्थिक उन्नति गर्ने विषयलाई मध्यनजर राखी पर्यटकको स्वास्थ्य, सुविधा र हित सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,<br>सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ । | **प्रस्तावना**: सुदूरपश्चिम प्रदेश भित्रका पर्यटन क्षेत्र एवं पर्यटकीय महत्वका विषयको संरक्षण, व्यवस्थापन, विकास एवं प्रवर्द्धन गरी पर्यटन क्षेत्र मार्फत जनताको आर्थिक, सामाजिक उन्नति गर्ने विषयलाई मध्यनजर राखी पर्यटकको स्वास्थ्य, सुविधा र हित कायम गर्न र पर्यटन व्यवसायलाई व्यवस्थित, मर्यादित र सुरक्षित बनाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,<br>सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाई लागू गरेको छ । | सामाजिक उन्नतीलाई पनि समेट्नु पर्ने भएकाले<br>पर्यटन व्यवसायलाई पनि नियमन गर्नुपर्ने भएकाले |
| २ | २(छ) | **"ट्राभल एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरुमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्तिलाई सम्झनु पर्छ । | **"ट्राभल एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिको निमित्त शुल्क लिई भ्रमण, बसोबास तथा आधुनिक सवारीको साधन उपलब्ध भएका स्थानहरुमा दृश्यावलोकन सम्बन्धी प्रबन्ध मिलाउने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ । | संस्थालाई समेट्नु पर्ने भएकाले |
| ३ | २(ज) | **"ट्रेकिङ्ग एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिहरुलाई विविध प्राकृतिक एवं साँस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले शुल्क लिई साधारणतया आधुनिक | **"ट्रेकिङ्ग एजेन्सी"** भन्नाले पर्यटक वा अन्य व्यक्तिहरुलाई विविध प्राकृतिक एवं साँस्कृतिक दृश्यावलोकन गराउने उद्देश्यले | संस्थालाई समेट्नु पर्ने भएकाले |

| | | | | |
|---|---|---|---|---|
| | | सवारीको साधन उपलब्ध नभएका स्थानहरुमा यात्राको प्रबन्ध मिलाउने व्यक्तिलाई सम्झनु पर्छ । | शुल्क लिई साधारणतया आधुनिक सवारीको साधन उपलब्ध नभएका स्थानहरुमा यात्राको प्रबन्ध मिलाउने व्यक्ति वा संस्थालाई सम्झनु पर्छ । | |
| **क.स.** | **दफा** | **विधेयकमा रहेको साविक व्यवस्था** | **संशोधन वा थप हुनुपर्ने व्यवस्था** | **कारण** |
| ४ | २(ञ) | **"दरखास्तवाला"** भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा पर्यटकस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बार, पथ प्रदर्शक, जलयात्रा वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्नको निमित्त मन्त्रालय समक्ष दरखास्त पेश गर्ने पर्यटन व्यवसायी सम्झनु पर्छ । | **"दरखास्तवाला"** भन्नाले ट्राभल वा ट्रेकिङ्ग एजेन्सी वा पर्यटकस्तरीय होटल, लज, रेष्टुँरा, रिसोर्ट वा बार, पथ प्रदर्शक, जलयात्रा वा अन्य यस्तै प्रकारको पर्यटन व्यवसाय गर्नको निमित्त मन्त्रालयले तोकेको निकाय वा अधिकारी समक्ष दरखास्त पेश गर्ने पर्यटन व्यवसायी सम्झनु पर्छ । | अधिकार प्रत्यायोजनको व्यवस्था गर्न |
| ५ | २(ठ) | **"पर्यटक"** भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैरनेपाली नागरिकलाई सम्झनुपर्छ । | **"पर्यटक"** भन्नाले विदेशी मुलुकबाट भ्रमणको लागि नेपालमा आई यस प्रदेशमा पर्यटकीय उद्देश्यले आउने गैरनेपाली नागरिक वा आन्तरिक पर्यटक समेत लाई सम्झनुपर्छ । | आन्तरिक पर्यटकलाई समेत समेट्नु पर्ने भएकाले |
| ६ | २(न) | **"स्थानीय तह"** भन्नाले गाउँपालिका र नगरपालिकालाई सम्झनु पर्छ । | **"स्थानीय तह"** भन्नाले गाउँपालिका, नगरपालिका तथा जिल्ला सभालाई सम्झनु पर्छ । | संवैधानिक परिभाषालाई समेट्नु पर्ने भएकाले |
| ७ | ३(२) | (२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम इजाजतपत्र लिएका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले एक वर्ष भित्र मन्त्रालयमा इजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने इजाजतपत्रको अद्यावधिक बापतको दस्तुर लाग्ने छैन । | (२) यो ऐन प्रारम्भ हुनु अघि प्रचलित कानून बमोजिम इजाजतपत्र लिएका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले एक वर्ष भित्र मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय वा अधिकारी समक्ष इजाजतपत्र अद्यावधिक गर्नु पर्नेछ । यस उपदफा बमोजिम गरिने इजाजतपत्रको अद्यावधिक बापतको दस्तुर लाग्ने छैन । | अधिकार प्रत्यायोजनको व्यवस्था गर्न |
| ८ | ९(ङ) | गम्भिर प्रकृतिको फौजदारी कसूरमा | | हटाईएको |

| | | | | |
|---|---|---|---|---|
| | | अदालतमा मुद्दा चलिरहेको व्यक्ति । | | |
| ९ | १२(२) | (२) दफा ९ को खण्ड (ख), (छ) र (ङ) बमोजिम अयोग्य भएमा । | (२) दफा ९ को खण्ड (ख) र (छ) बमोजिम अयोग्य भएमा । | ङ हटाईएको |
| **क्र.स.** | **दफा** | **विधेयकमा रहेको साविक व्यवस्था** | **संशोधन वा थप हुनुपर्ने व्यवस्था** | **कारण** |
| १० | १६ को १(घ,ग) | (ग) रेष्टुराँ तथा रिसोर्ट (पाँचहजार रुपैयाँ),<br>(घ) बार (पाँचहजार रुपैयाँ) | (ग) रेष्टुराँ तथा रिसोर्ट (दश हजार रुपैयाँ),<br>(घ) बार (दश हजार रुपैयाँ) | शुल्क थप गर्नुपर्ने देखिएकाले |
| ११ | २१(क) | परम्परागत नेपाली परिकार सहित अन्य विदेशी खानपिनको व्यवस्था हुनुपर्ने, | स्थानीय तथा परम्परागत नेपाली परिकार सहित अन्य विदेशी खानपिनको व्यवस्था हुनुपर्ने, | स्थानीय परिकारलाई समेत समेट्नु पर्ने भएकाले |
| १२ | २१(ण) | - | तालिम प्राप्त कुक (भान्छे) हुनुपर्ने | थप गरिएको |
| १३ | २२ | <u>कामदारलाई दिनुपर्ने पारिश्रमिक दर</u>: होटल व्यवसायीले पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुँरा तथा रिसोर्ट र बारमा काम गर्ने कामदारका लागि प्रचलित कानून बमोजिम पारिश्रमिक दिनु पर्नेछ । | <u>कामदारलाई दिनुपर्ने पारिश्रमिक दर</u>: होटल व्यवसायीले पर्यटकस्तरको साधारण होटल, लज, रेष्टुँरा तथा रिसोर्ट र बारमा काम गर्ने कामदारका लागि प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा, बीमा र पारिश्रमिक दिनु पर्नेछ । | सामाजिक सुरक्षा र बीमा समेट्नु पर्ने भएकाले |
| १४ | ४८(ख) | जलयात्रीहरुलाई जलयात्रा गराउन सकिने नदीमा मात्र जलयात्रा गराउने, | | हटाइएको |
| १५ | ४८ (ग) | जलयात्राको लागि नेपाल सरकारबाट खुला गरिएका नदीमा मात्र जलयात्रा टोलीलाई जलयात्रा गराउने, | जलयात्राको लागि नेपाल सरकार र सुदूरपश्चिम प्रदेश सरकारबाट खुला गरिएका नदीमा मात्र जलयात्रा टोलीलाई जलयात्रा गराउने, | प्रदेश सरकार थप गर्नु पर्ने भएकाले |
| १६ | ५३ | <u>अन्य पर्यटन व्यवसायसम्बन्धी व्यवस्था</u>: ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, स्काइड, केबुलकार, रक क्लाइम्बिङ, क्यानोइङ, धार्मिक पर्यटन लगायत अन्य पर्यटन व्यवसायहरु सम्बन्धी व्यवस्थाहरु तोकिए बमोजिम हुनेछ । | <u>अन्य पर्यटन व्यवसायसम्बन्धी व्यवस्था</u>: ग्लाइडिङ, जंगल सफारी, क्याम्पिङ, हाईकिङ, बर्डवाचिङ, जीपलाईन, गुरिल्ला ट्रेल, स्काइड, केबुलकार, रक क्लाइम्बिङ, क्यानोइङ, धार्मिक पर्यटन लगायत अन्य पर्यटन व्यवसायहरु सम्बन्धी व्यवस्थाहरु तोकिए | नयाँ पर्यटकीय क्षेत्र समेट्नु पर्ने भएकाले |

| | | | बमोजिम हुनेछ । | |
|---|---|---|---|---|
| **क.स.** | **दफा** | **विधेयकमा रहेको साविक व्यवस्था** | **संशोधन वा थप हुनुपर्ने व्यवस्था** | **कारण** |
| १७ | ५४(क) | | नवीकरण सम्बन्धी विशेष व्यवस्था : (१) प्रचलित कानून बमोजिम दर्ता भई यो ऐन प्रारम्भ हुनु अघि कुनै कारणबस नवीकरण गर्ने म्याद समाप्त भई नवीकरण हुन नसकेका ट्राभल वा ट्रेकिङ्ग एजेन्सी, पर्यटकस्तरीय होटल, लज, रिसोर्ट तथा बार, जलयात्रा व्यवसायी भएमा जतिसुकै अवधि व्यतित भएको भएतापनि एक पटकका लागि मात्र यो ऐन प्रारम्भ भएको मितिले एक बर्ष भित्र नवीकरण गर्न सक्नेछ ।<br>(२) उपदफा (१) बमोजिम ईजाजतपत्र नवीकरणका लागि मन्त्रालयले सम्बन्धित व्यवसायको लागि यस ऐन बमोजिम शुरु ईजाजतपत्र प्राप्त गर्दा लाग्ने दस्तुरको दोब्बर दस्तुर शुल्क लिई नवीकरण गर्नु पर्नेछ । | नयाँ व्यवस्था थप गर्नपर्ने भएकाले |
| १८ | ५५(२) | (२) उपदफा (१) बमोजिम घोषणा गरेको क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न मन्त्रालयले समिति गठन गर्न सक्नेछ। | (२) उपदफा (१) बमोजिम घोषणा गरेको क्षेत्रको प्रवर्द्धन, विकास र व्यवस्थापन गर्न मन्त्रालयले प्रचलित कानून बमोजिम समिति गठन गर्न सक्नेछ। | कानून बमोजिम भन्ने शब्द थप्न उपयुक्त हुने भएकाले |

माननीय सभामुख महोदय,

उपरोक्त संशोधन तथा थप हुनुपर्ने विषयहरु **"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक२०७७ ,"** मा समावेश गरि उक्त विषयलाई विधेयकको अंग बनाइ सभामा निर्णयार्थ प्रस्तुत हुन सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ११९ बमोजिम यो प्रतिबेदन प्रस्तुत गरेको छु । अन्तमा यो प्रतिबेदन तयार पार्न सहयोग पुऱ्याउनु हुने माननीय मन्त्रीज्यू, यस समितिका माननीय सदस्यज्यूहरु सचिवज्यू लगायत ,सचिवालयका कर्मचारीहरु प्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु ।

प्रस्तुतकर्ता
माननीय हर्क बहादुर कुँवर
सभापति
अर्थ विकास तथा प्राकृतिक स्रोत समिति
सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली ।

**माननीय सदस्यहरु,**

**"सुदूरपश्चिम प्रदेश पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७७"** माथिको आजको कारबाही यही समाप्त हुन्छ । अर्को बैठक मिति २०७८ साल आषाढ १७ गते बिहीबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।